# विनयी त्रिवेणी गाउँपालिकाको नदिजन्य पदार्थ व्यवस्थापनमा मेशिनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधी, २०८१

विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी (ब.स.पूर्व),दुम्कीबास
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

## विनयी त्रिवेणी गाउँपालिकाको नदिजन्य पदार्थ व्यवस्थापनमा मेशिनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधी, २०८१

प्रस्तावना : विनयी त्रिवेणी गाउँपालिका क्षेत्रका खोला तथा नदी किनारा तथा घाटहरुबाट प्राकृतिक नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) (घ) को उपदफा ६ तथा दफा (११) (प) को उपदफा (७), ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा (४) को उपदफा (४) बमोजिम नदी, खोला किनारा तथा घाटहरुबाट प्राकृतिक नदीजन्य पदार्थ व्यवस्थापनका सम्वन्धमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, सोको आवस्यकता र औचित्यका आधारमा मेशनरी उपकरण प्रयोग सम्वन्धी कार्य व्यवस्थित गर्न गराउन साथै विपद्धन्य अवस्थामा ढुङ्गा, गिटी, बालुवा लगायतका सामाग्रीहरुको व्यवस्थापन गर्न वान्छनीय भएकोले विनयी त्रिवेणी गाउँ कार्यपालिकाले विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७७ को दफा (५७) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी "विनयी त्रिवेणी गाउँपालिकाको नदिजन्य पदार्थ व्यवस्थापनमा मेशिनरी उपकरण प्रयोग सम्वन्धी कार्यविधी, २०८०" बनाई जारी गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "विनयी त्रिवेणी गाउँपालिकाको नदिजन्य पदार्थ व्यवस्थापनमा मेशिनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधी, २०८१ रहेको छ ।

(२) यो कार्यविधि विनयी त्रिवेणी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(१) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(२) "नदीजन्य प्राकृतिक पदार्थ" भन्नाले ऐन र यस कार्यविधि बमोजिम नदी, खोला किनारको ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल, चट्टान, दहत्तर बहत्तर माटोसमेतलाई जनाउँछ ।

(३) "ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर" भन्नाले नदी, खोला, खोल्सी, वन क्षेत्र, वा सार्वजानिक वा निजी जग्गा बाट उत्खनन वा संकलन गरिने बहुमुल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्वका शालीग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, वालुवा रोडा, गेग्रान, चट्टान, माटो, चुनढुङ्गा जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्दछ ।

(४) "कार्यपालिका" भन्नाले विनयी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(५) "मेशनरी उपकरण" भन्नाले नदीजन्य प्राकृतिक पदार्थहरु उत्खनन् तथा संकलनका लागी प्रयोग गरिने एक्साभेटर, व्याकहु लोडर वा सोही प्रकृतिको अन्य उपकरणलाई सम्झनु पर्दछ ।

(६) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय कानून बमोजिम संञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(७) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा योजनालाई सम्झनु पर्छ ।

(८) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(९) "अनुगमन समिति" भन्नाले दफा (७) बमोजिमको अनुगमन समिति सम्झनु पर्दछ ।

**३. अनुमती लिनु पर्ने:** (१) बाढी पहिरो भूक्षय जस्ता अन्य प्राकृतिक प्रकोपको कारण जम्मा भएको पदार्थहरु जोखिम न्यूनीकरणको लागि हटाउनुपर्ने अवस्था उत्पन्न भएमा जिल्ला विपद व्यवस्थापन समितिको सहमतिमा मेशनरी उपकरण प्रयोग गरी हटाउन वा हटाउन स्वीकृति दिन सकिनेछ ।

(२) नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्दा श्रममुलक प्रविधिको प्रयोग गरिने छ। तर नदीजन्य पदार्थहरुको थेग्रान, चट्टान, ढिस्का आदिका कारण प्राकृतिक वहाव परिवर्तन हुने जोखिम उत्पन्न हुने अवस्थामा मेशनरी उपकरण प्रयोग गरी हटाउनु पर्ने भएमा तथा नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा नदीका प्राकृतिक बहावलाई असर नपर्ने, नदीको पथान्तरण हुनबाट रोकिने र आसपासका खेती योग्य जग्गा जमिनलाइ सुरक्षित राखका लागि उपयुक्त परिमाणमा मात्र उत्खनन गर्नुपर्ने अवस्थामा र श्रममुलक प्रविधिबाट हटाउन सम्भव नदेखिएमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका शर्त तथा मापदण्डको अनिवार्य पालना गर्ने गरी उत्खनन् तथा संकलन स्थलको आयतन, गहिराई, परिमाण, तल्लो तथा माथिल्लो विन्दु खुलेको जि पि एस नक्सा, प्रयोग हुने मेसिनरी

साधन, सवारी साधनको ब्लु बुक र सवारी लाईसेन्सको प्रमाणं पत्र, अनुगमन कार्यतालिका सहित तोकीएको मापदण्ड पालना गर्ने स्वघोषणा र स्पस्ट उत्खनन् कार्ययोजना लगायत मेसिनरी उपकरणको प्रकार, संख्या र प्रयोग गर्नुपर्ने समय सिमा लगायत अन्य आवस्यक कागजात सहित अनुमतिका लागि अनुसुची (१) वमोजिम निवेदन दिनु पर्ने छ ।

(३) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका तथा सञ्चालन हुने पालिका स्तरिय, प्रादेशिक तथा राष्ट्रिय गौरवका योजनाहरुलाई आवश्यक पर्ने नदीजन्य प्राकृतिक पदार्थहरु ढुङ्गा, गिटी, बालुवा सहज र व्यवस्थितं रुपले उपलब्ध गराउन आवस्यक भएमा समेत त्यस्तो आयोजनाहरुले र गाउँपालिकाबाट स्वीकृत आय ठेक्का कार्यान्वयनको लागि सम्बन्धित फर्म वा कम्पनीले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा अनुसुची (१) वमोजिम निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम चुरे संरक्षण क्षेत्र अन्तर्गत पर्ने नदी घाटहरुबाट राष्ट्रिय गौरवका योजनाहरुलाई आवश्यक पर्ने नदीजन्य प्राकृतिक पदार्थहरु ढुङ्गा, गिटी, बालुवा व्यवस्थित रुपले उपलब्ध गराउन आवस्यक भएमा अनुसुची (१) बमोजिम निवेदन दिनु पर्नेछ । साथै उपदफा (५) बमोजिम राष्ट्रपति चुरे संरक्षण विकास समितिको शर्त तथा मापदण्डको अनिवार्य रुपमा पालना हुने गरी उत्खनन् अनुमति प्रदान गर्न सक्नेछ।

(५) उपदफा (२) र उपदफा (४) वमोजिम प्राप्त निवेदन उपर उपलब्ध भएसम्म विज्ञ सहितको गाउँपालिकाको स्थानीय अनुगमन समितिले आवस्यक छानविन, स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदनका प्रतिवेदनका आधारमा गाउँपालिका अध्यक्षले समयसिमा तथा मापदण्ड तोकी अनुसुची (२) वमोजिम अनुमती प्रदान गर्न सक्ने छ ।

(६) उपदफा (४) वमोजिम उत्खनन तथा संकलन अनुमति प्राप्त आयोजनाले उत्खनन् भएको परिमाण सहित दैनिक प्रतिवेदन तयार गरी साप्ताहिक रुपमा गाउँपालिकामा बुझाउनु पर्ने छ ।

(७) उपदफा (३) बमोजिम राष्ट्रिय गौरवका योजनाहरुलाई अनुमती प्राप्त आयोजनाहरुका लागि संकलित प्राकृतिक पदार्थहरु अन्य प्रयोजनका लागि प्रयोग गर्न पाईने छैन । सो भएको पुष्टी भएमा नियमानुसार जरिवाना गरी सम्बन्धित आयोजनाबाट असुलउपर गरिनेछ ।

४. मेशीनरी औजार प्रयोग सम्बन्धी व्यवस्थाः (१) असार, श्रावण र भाद्र बाहेकका महिनाहरुमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) मा उल्लेखित तथा सम्झौता अवधिभर प्राविधिक नापचाँच समेतका आधारमा तोकिएका मापदण्ड अनुरुप नदिजन्य पदार्थ संकलन गर्न सकिने छ । निर्दीष्ट क्षेत्रबाट निर्माण सामाग्री संकलन र उत्खनन कार्य हात र हाते औजारहरु जस्तै कुटो, कोदालो, गैचि, सावेल

घनश्याम गिरी
अध्यक्ष

आदिबाट गर्न प्राथमिकता दिईनेछ। नदीका प्राकृतिक बहावमा प्रतिकूल असर नपर्ने र बहावमा परिवर्तन हुने गरी कुनै पनि किसिमले संकलन र उत्खनन कार्य गर्न पाईने छैन। गाउँपालिकाको राजश्व संकलन कार्यलाइ थप व्यवस्थित गर्न, आयोजनाहरु सञ्चालन कार्यलाइ थप गति प्रदान गर्न, नदि खोलालाई पथान्तरण हुनबाट रोक्न र बातावरणीय दृष्टिबाट कुनै पनि नकारात्मक प्रभाव पर्न नदिने गरी नदी घाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्नका लागि स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुरुप देहायका प्रकृया र विधि बमोजिम नदीजन्य पदार्थ संकलन उत्खनन गर्ने कार्यमा मेशीनरी उपकरण प्रयोग गर्न सकिनेछ ।

(क) बाढी तथा जलउत्पन्न प्रकोपको खतरा देखिएको अवस्थामा जिल्ला विपद् व्यवस्थापन समितिका सिफारिशमा उक्त क्षेत्रको पदार्थ हटाउन वा बिक्रि गर्न ।

(ख) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका तथा सञ्चालन हुने पालिका स्तरिय, प्रादेशिक तथा राष्ट्रिय गौरवका योजनाहरुलाई आवश्यक पर्ने नदीजन्य प्राकृतिक पदार्थहरु स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमका परिमाणमा व्यवस्थापन गर्न।

(ग) नदिजन्य पदार्थको उत्खनन, संकलन तथा ढुवानीको लागि गाउँपालिकाबाट आव्हान भएको आय ठेक्का सकार गर्ने फर्म वा कम्पनीले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा नदिजन्य पदार्थ व्यवस्थापन गर्न।

(२) नदीजन्य पदार्थ संकलन र उत्खनन कार्यमा मेशनिरी उपकरणको प्रयोग गर्दा देहाय बमोजिमका प्रक्रिया अनिवार्य रुपमा पुरा गर्नुपर्नेछ ।

(क) तोकिएको क्षेत्र र परिमाण सम्म मात्र उत्खनन संकलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) बमोजिम मेशनिरी उपकरणको प्रयोग गर्न र त्यसरी प्रयोग गर्ने उपकरणको कागजात र नम्बर अनिवार्यरुपमा गाउँपालिकामा पेश गरी सो को अभिलेखीकरण गरेको हुनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम स्वीकृति दिंदा सामग्री संकलन गर्ने क्षेत्र, विधि तथा परिमाण खुलाएको हुनुपर्नेछ ।

(ग) पानीको वहाव भित्रवाट नदीजन्य पदार्थ उत्खनन संकलन गर्न पाईन छैंन ।

(घ) उत्खनन स्थलमा उत्खनन सम्बन्धी सम्पूर्ण विवरण खुल्ने गरी होर्डिङ्गवोड राखु पर्नेछ ।

(ङ) गाउँपालिकाकाको स्वीकृति नलिइ कसैले पनि उत्खनन संकलन क्षेत्रमा मेशिनरी औजार प्रवेश गराउन पाउने छैन ।

घनश्याम गिरी
अध्यक्ष

(च) रातीका समयमा मेशिनरीको प्रयोग गरी वा नगरी कुनै पनि विधिबाट सामग्री संकलन गर्न पाईनेछैन ।

(छ) नदी क्षेत्रमा मेशिन प्रयोग स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) उल्लेखित क्षेत्रमा उत्खनन् कार्ययोजनामा उल्लेखित संख्यामा मात्र मेशिनरी औजार प्रवेशको स्वीकृति दिने व्यवस्था गाउँपालिकाले मिलाउने छ ।

(ज) माथि उल्लेख गरिएका विषयहरुको हकमा सोहि बमोजिम हुने तथा नदीजन्य पदार्थको संकलन तथा व्यवस्थापनका सम्वन्धमा स्थानीय कानून एवं जिल्ला, प्रदेश र संघीय कानुनमा उल्लेख भए बमोजिम कार्य सन्चालन हुने गरी गाउँपालिकाले जुनसुकै बेलामा गरेको निर्णय र दिएको आदेश निर्देशन एवं राय सुझावहरुलाई सम्बन्धित पक्षले अनिवार्य रुपमा पालना गर्नु पर्ने छ ।

५. संबेदनशिल क्षेत्रमा प्रयोग गर्न नहुनेः दफा (३) बमोजिम अनुमति प्राप्त भएको अवस्था बाहेक गाउँपालिका क्षेत्र अन्तर्गतका सामुदायीक बन, सार्वजानिक महत्वका क्षेत्र तथा अन्य सम्वेदनशिल क्षेत्र भनी तोकिएका क्षेत्र भित्र प्रयोग गर्न पाईने छैन ।

(२) अनुसुची (२) बमोजिम अनुमति प्राप्त आयोजनाहरुले नदी तटिय क्षेत्रमा भण्डारण तथा घाटगद्धी गर्न पाईने छैन । तर गाउँपालिकाले आफै आफ्नै स्वामित्वमा रहने गरी यस्तो क्षेत्रमा भण्डारण तथा घाटगद्धी गर्न बाधा पर्ने छैन ।

६. मेसिनरी उपकरण प्रयोग गरी गरिने उत्खनन् कार्य योजना (Excavation Plan) पेश गर्नु पर्नेः

(१) नदीजन्य पदार्थ उत्खनन् गर्न गाउँपालिकाबाट स्वीकृती प्राप्त व्यक्ति तथा संस्थाले यथा सम्भव भारी मेशीनरी औजारको प्रयोग नगरी सामान्य औजार उपकरणहरु प्रयोग गरेर उत्खनन् गर्नु पर्नेछ । यदि सामान्य औजार उपकरणहरु प्रयोग गरेर उत्खनन् कार्य सम्भव नभएमा वा मेशीन उपकरण प्रयोग गरी उत्खनन् गर्दा गाउँपालिका, संस्था तथा समाजलाई फाईदा पुग्ने भएमा, जैबिक, आर्थिक, सामाजिक तथा वातावरणीय रुपमा पर्ने असरहरुको परिणाम नकरात्मक नदेखिएमा मेसिनरी उपकरण प्रयोग गर्ने सम्वन्धमा कार्ययोजना बनाई पेश गर्नु पर्नेछ ।

| क सं | विवरण | व्यहोरा/किसिम/परिमाण | कैफियत |
|---|---|---|---|
| १ | मेशीनरी उपकरणको किसिम | | |
| २ | प्रयोग हुने मेसिन उपकरणको संख्या | | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | प्रयोग हुने क्षेत्र | | |
| ४ | प्रयोग गर्ने कारण | | |
| ५ | प्रयोग गर्ने समय | | |
| ७ | प्रयोग गर्ने महिना | | |
| ८ | प्रयोग गर्ने विधि र प्रकृया | | |
| ९ | अधिकतम गहिराई, लम्बाई र चौडाई | | |
| १० | चेनएज | | |
| ११ | उत्खनन् संकलन हुने अनुमानित परिमाण घ. मि. (मासिक) | | |
| १२ | मूख्य बस्ती देखी मेशीन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |
| १३ | स्थानीय रोड देखी मेशीन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |

७. अनुगमन तथा निरिक्षणः (१) विनयी त्रिवेणी गाउँपालिका क्षेत्रका नदी, खोला किनारा तथा घाटहरुबाट प्राकृतिक नदीजन्य पदार्थ व्यवस्थापनका सम्वन्धमा सम्वन्धीत नदी घाटहरुको अनुगमन सम्वन्धीत वडाको वडा स्तरीय अनुगमन समिति मार्फत अनुगमन गरी स्थानीय अनुगमन समितिमा अनुगमन प्रतिवेदन पेस गर्नु पर्ने छ । वडास्तरीय अनुगमन समितिमा सम्वन्धित वडाध्यक्ष संयोजक, वडासदस्यहरु र सम्वन्धित वडामा रहेका कार्यपालिका सदस्यहरु सदस्य र सम्वन्धित वडा हेर्ने प्राविधिक कर्मचारी सदस्य सचिवको रुपमा रहनेछन ।

(२) अनुसूची १ बमोजिम प्राप्त निवेदन उपर स्थानीय अनुगमन समितिले आवस्यक छानविन, स्थलगत अनुगमन गरी अनुमती प्रदानका लागि सिफारिस गर्न सक्ने छ। उपाध्यक्षको संयोजकत्वमा रहने गाउँस्तरीय अनुगमन समितिले स्थानीय अनुगमन समितिको रुपमा कार्य सम्पादन गर्नेछ । यस कार्यविधी बमोजिमको स्थानीय अनुगमन समितिमा वातावरण तथा विपद् व्यवस्थापन शाखाको अध्यक्ष थप सदस्यको रुपमा रहनेछन् भने समितिमा अन्य विषय विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

घनश्याम गिरी
अध्यक्ष

(३) स्थानीय अनुगमन समितिले अनुगमन प्रतिवेदन नियमित रुपमा जिल्ला अनुगमन समिति समक्ष पठाउन सक्नेछ। साथै आवश्यकता अनुसार जिल्ला अनुगमन समिति तथा अन्य सरोकारवाला निकायले पनि अनुगमन गर्न सक्नेछन ।

(४) अनुगमनको चेक लिस्ट अनुसूची ३ बमोजिम हुनेछ ।

८. निषेधित कार्यहरुः (१) यस कार्यविधि वमोजिम देहाएका कार्यहरु निषेधित गरिएको छ ।

(क) प्रारम्भिक वातावरणीय परिक्षण वा प्राविधिक परिक्षण वा लेखाजोखा प्रतिवेदन स्वीकृत नगरी सार्वजनिक खोला वा नदिबाट नदीजन्य पदार्थ ढुंगा, माटो, गिट्टी, बालुवा, दहत्तर, बहत्तर उत्खनन, संकलन तथा भण्डारण गर्न,

(ख) स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण वा प्राविधिक परिक्षण प्रतिवेदनका तथा अनुमति प्रदान गर्दाका वखतका शर्त तथा मापदण्ड उल्लंघन गर्न,

(ग) अनुमति विपरित उत्खनन तथा स्वीकृत प्राप्त भएको भन्दा वढी र अन्यत्र स्थानबाट उत्खनन, संकलन, तथा ढुवानी गर्न ।

(२) उल्लेखित निषेधित कार्य गरेको पाईएमा गाउँ अध्यक्षस्तरीय निर्णयको आधारमा अनुसूची (४) बमोजिम दण्ड जरिवाना तथा सामाग्री जफत गर्न आदेश दिईनेछ । यस्तो आदेश पालना गर्न सहयोग गर्नु सम्बन्धित सबैको दायित्व हुनेछ ।

९. दण्ड सजायको व्यवस्थाः (१) दफा (८) बमोजिमका निषेधित कार्य गरेमा गाउँ अध्यक्षस्तरीय निर्णय बमोजिम अनुसूची-४ बमोजिम दण्ड सजाय हुनेछ ।

१०. थपघट तथा हेरफेरः (१) यो कार्यविधि आवस्यकता अनुसार गाउँ कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्ने छ ।

११. बाधा अड्काउ फुकाउः (१) यो कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ आईपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्ने छ ।

घनश्याम गिरी
अध्यक्ष

अनुसूची १

(मेशनरी उपकरण प्रयोगका लागि अनुमती माग गर्ने निवेदन)

मिति:

श्री गाउँपालिका अध्यक्ष ज्यू,

विनयी त्रिवेणी गाउँपालिका, नवलपरासी (ब.सु.पू)।

विषयः अनुमती पाँउ भन्ने बारे ।

प्रस्तुत विषयमा ..........................................बाट सञ्चालित ........................ योजनाका लागि/विनयी त्रिवेणी गाउँपालिकाबाट स्वीकृत आन्तरिक आय ठेक्का नं. .................................... को ठेक्का कार्यान्वयन गर्ने सन्दर्भमा नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागी मेशनरी उपकरण प्रयोग गर्नु पर्ने भएकोले नियमानुसार मेशनरी उपकरण प्रयोगको अनुमती प्रदान गरिदिनु हुन आवश्यक कागजपत्र सहित यो निवेदन पेश गरेको छु।

१. योजनाको ठेक्काको नाम/नम्बर:

२. योजना/ठेक्का कार्यान्वयन गर्ने व्यवशायीको नाम, ठेगाना:

३. योजना/ठेक्काको लागत:

४. योजना/ठेक्काको सम्पन्न हुने अनुमानित मिति:

५. योजनाका लागि आवश्यक पर्ने/उत्खनन स्वीकृत प्राप्त नदीजन्य पदार्थको अनुमानित परिमाण:

६. स्वीकृत उत्खनन् तथा संकलन स्थान:

७. उत्खनन् तथा संकलनका लागि प्रयोग हुने मेशनरी उपकरणको प्रकार र संख्या:

८. ढुवानीका लागी प्रयोग हुने सवारी साधन संख्या र प्रयोग हुने सवारी साधनको ब्लु बुक र सवारी लाईसेन्सको प्रमाण पत्र

९. अनुगमन कार्यतालिका सहित तोकीएको मापदण्ड पालना गर्ने स्वघोषणा

१०. उत्खनन् कार्ययोजना

११. अन्य आवस्यक कागजातहरु

घनश्याम गिरी
अध्यक्ष

## उत्खनन कार्ययोजना

| क्र सं | विवरण | व्यहोरा/किसिम/परिमाण | कैफियत |
|---|---|---|---|
| १ | मेशीनरी उपकरणको किसिम | | |
| २ | प्रयोग हुने मेसिन उपकरणको संख्या | | |
| ३ | प्रयोग हुने क्षेत्र | | |
| ४ | प्रयोग गर्ने कारण | | |
| ५ | प्रयोग गर्ने समय | | |
| ७ | प्रयोग गर्ने महिना | | |
| ८ | प्रयोग गर्ने विधि र प्रकृया | | |
| ९ | अधिकतम गहिराई, लम्बाई र चौडाई | | |
| १० | चेनएज | | |
| ११ | उत्खनन् संकलन हुने अनुमानित परिमाण घ. मि. (मासिक) | | |
| १२ | मूख्य वस्ती देखी मेशीन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |
| १३ | स्थानीय रोड देखी मेशीन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |

निवेदकको हस्ताक्षर

नाम

ठेगना.

सम्पर्क नः

घनश्याम बिष्ट
अध्यक्ष

Scanned with CamScanner

अनुसूची २

(भारी उपकरण प्रयोग गरि नदीजन्य प्राकृतिक पदार्थ व्यवस्थापन गर्दा सहमति दिने विवरण)

| नदी/घाटको नामः | | | | | |
|---|---|---|---|---|---|
| ठेगानाः | | | | | |
| उत्खनन, संकलन कर्ता/व्यवसायी कम्पनिः | | | | | |
| क्र.स. | विवरण | | पहिलो स्थान | दोश्रो स्थान | कैफियत |
| १ | भारी उपकरण प्रयोग गर्ने स्थानको विवरण | तल्लो बिन्दु | | | IEE प्रतिवेदन वा प्राविधिक प्रतिवेदनले निर्धारण गरेको परिधि भित्र |
| | | माथिल्लो बिन्दु | | | |
| | | लम्बाई | | | |
| | | चौडाई | | | |
| | | गहिराइ | | | |
| | | ढुंगाःग्रावेलःबालुवा | | | |
| २ | नदिजन्य पदार्थ उत्खन/संकलनको अवस्था | सहमति दिइएको परिमाण | | | IEE प्रतिवेदन वा प्राविधिक प्रतिवेदनले निर्धारण गरेको परिमाण नबढ्ने गरि |
| | | हालसम्म उत्खनन परिमाण | | | |
| | | बाँकी परिमाण | | | |
| ३ | प्रयोग गरिने भारी उपकरणको विवरण | संख्या | | | |
| | | नाम | | | |
| | | नम्बर | | | |
| ४ | पहुँचमार्ग | | | | |
| ५ | भारी उपकरण प्रयोग गर्ने समयावधि | समयावधि | | | रातको समयमा नगर्ने |
| | | प्रतिदिन | | | |
| | | समय | | | |
| ६ | सुपरभिजन तथा समन्वय | प्राविधिक/कर्मचारी/प्रतिनिधि | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्थानीय समुदायबाट प्रतिनिधि | | | |
| ७ | गाउँपालिका अनुगमन समिति | | | | |
| ८ | अनुगमन संयन्त्र रिपोर्ट गर्ने तरिका र विधि | | | | |
| ९ | अन्य | | | | |

विवरण रूजु गरी सिफारिस गर्ने
प्राविधिक कर्मचारीको
हस्ताक्षरः
नामः
पदः

घनश्याम गिरी
अध्यक्ष

सहमति दिने पदाधिकारीको
हस्ताक्षरः
नामः
पदः

Scanned with CamScanner

अनुसूची ३

# विनयी त्रिबेणी गाउँपालिका अनुगमन समितिवाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिस्ट

नदी/घाटको नामः

ठेगानाः

उत्खनन, संकलन कर्ता/व्यवसायी कम्पनिः

| क्र.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेशिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग भएका मेशिनको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | उत्खनन्, संकलन, ढुवानीको समय पालना भएको | | |
| ५ | तोकिएको अधिकतम नापको मापदण्ड पालना भएको | | |
| 3 | उत्खनन्, संकलनको अधिकतम परिमाण पालना भएको | | |
| ७ | जम्मा गर्ने काम नदी/खोला तटीय क्षेत्रमा नगर्ने बिषय पालना भएको | | |
| ८ | दैनिक उत्खनन/संकलन अभिलेख | | |
| ९ | दैनिक विक्रि ढुवानी तेरिज | | |
| १० | उत्खनन्, संकलनको परिमाण, चारकिल्लाको रेखांकन सहितको नाप नक्सा राखेको | | |
| ११ | पहुँचमार्गमा धुलो उड्न नदिन दैनिक पानि छर्किने प्रवन्ध | | |
| १२ | उत्खनन्, संकलन स्थलमा काम गर्ने कामदारको लागि अस्थायी शौचालयको व्यवस्था गरेको | | |
| १३ | तोकिएको ढाँचाको सूचना पाटी राखेको | | |
| १४ | ढुवानी र ओसारपसार सम्बन्धि मापदण्डको पालना | | |
| १५ | अनुगमन गर्ने पदाधिकारी/कर्मचारीको विवरण | | |
| १६ | तोकिएको बजार मुल्यको पालना | | |

अनुगमन गर्ने पदाधिकारी/कर्मचारीको विवरण

घनश्याम गिरी
अध्यक्ष

Scanned with CamScanner

## अनुसूची-४

### दण्ड जरिवाना सम्बन्धि व्यवस्था

यस कार्यविधि वमोजिम प्रक्रिया पूरा नगरी नदी घाट क्षेत्रमा मेसिनरी उपकरण तथा सवारीका साधन प्रवेश गर्ने गराउने फर्म वा व्यक्तिलाई नदीजन्य सामाग्री जफत गरी देहाय बमोजिम दण्ड र जरिवाना गरिने छ ।

१. नदीको पानी भित्र मेसिनरी उपकरण प्रयोग गरी वहाव क्षेत्रमा सामाग्री संकलन गरेको अवस्थामा पक्राउ परेमा स्वीकृती नलिई मेशिनरी औजार प्रयोग गरेमा पहिलो/दोस्रो/तेस्रो पटकका लागि रु. ७५ हजार, १ लाख र १ लाख ५० हजार, टिपर र ट्रक प्रयोग गरेमा पहिलो/दोस्रो/तेस्रो पटकका लागि रु. ५० हजार, ७५ हजार र १ लाख र ट्र्याक्टरहरु प्रयोग गरेमा पहिलो/दोस्रो/तेस्रो पटकका लागि रु. ३० हजार, ४० हजरा र ५० हजार जरिवाना,

२. तोकिएको भन्दा बढी गहीराईबाट उत्खनन् गरेमा रु. १ लाख

३. तोकिए भन्दा बढी संख्यामा मेशिन हरु प्रयोग गरेमा प्रति मेशिन रु. १ लाख

४. रातीको समयमा सामाग्री उत्खनन्, संकलन गरेमा क्र.सं. १ मा तोकिएको जरिवानामा ५० प्रतिशत थप

५. नदीको धार परिवर्तन गरी सामाग्री उत्खनन/संकलन गरेमा रु. १ लाख

६. वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित क्षेत्र भन्दा बाहेक वा निषेधित स्थानबाट सामाग्री संकलन गरेमा रु. १ लाख ५० हजार

७. माथि उल्लेखित कसूर दोहोराएमा तोकिएको जरिवानामा ५० प्रतिशत थप जरिवाना गर्ने

८. पालिकाको स्वीकृती विना नदीजन्य अनाधिकृत रुपमा चोरी निकासी गरेमा मेशिनरी औजार प्रयोग गरी चोरी निकासी गरेमा मेशिन औजारको पहिलो/दोस्रो/तेस्रो पटकका लागि रु. ७५ हजार, १ लाख र १ लाख ५० हजार, टिपर र ट्रक प्रयोग गरेमा पहिलो/दोस्रो/तेस्रो पटकका लागि रु. ५० हजार, ७५ हजार र १ लाख र ट्र्याक्टरहरु प्रयोग गरेमा पहिलो/दोस्रो/तेस्रो पटकका लागि रु. ३० हजार, ४० हजरा र ५० हजार जरिवाना

९. यसमा उल्लेखित बाहेक अन्य कसूर गरेमा कसुरको प्रकृतिको आधारमा गाउँ अध्यक्षस्तरीय निर्णय अनुसार हुनेछ ।

१०. उल्लेखित जरिवानाका अतिरिक्त नदिजन्य पदार्थको जफत भएकोमा सो को बिक्रिमुल्यको दरमा दोब्बर दरले राजस्व असुल उपर गरिनेछ ।

घनश्याम गिरी
अध्यक्ष

मिति २०८१/०१/१६ गते बसेको गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको यो कार्यविधि प्रमाणीकरण गर्दछु ।

घनश्याम गिरि

अध्यक्ष

मिति : २०८१/०१/३०

Scanned with CamScanner